# सञ्चारिका लेखमाला
# Sancharika Feature Service

Sancharika Samuha
समानताको लागि सञ्चार
Community for Equality

वर्ष ९ | अंक १२ | मासिक | मंसिर/पुस | December 2006



- फोनबाटै तलाक
  *बुर्काभित्र बगेका आँसु* — अमृता अनमोल
- निर्दोष मरे, बाँच्नेको बिचल्ली
  **हत्याराहरू उम्कन नपाऊन्** — निर्मला रेग्मी
- *बचत समूहले बढाएको उत्साह*
  **महिला भए नमूना** — गीता कँडेल
- लुकेको पीडा !
  **पाठेघर खस्ने समस्या** — शोभा रेग्मी
- *आमाहरूले चिनाए गाउँ*
  **सिरुबारीमा बढे पर्यटक** — भवानी अधिकारी
- *महिला दुर्व्यसनी*
  **घृणा र तिरस्कारको शिकार** — निलिपा सुब्बा
- *घरेलु हिंसाको डरलाग्दो तनाव*
  **असहयोगी समाज, कमजोर कानुन** — रज्जु रेग्मी





सञ्चारिका समूह/नेपाल

# फोनबाटै तलाक

*पति परमेश्वर हुन् । परमेश्वरले जे गर्छन् राम्रै गर्छन् । केही गरी हानि हुने काम गरिहाले पनि सहनु नै जाती हुन्छ । त्यसको खिलाप गर्नु हुँदैन । साकिरालाई बेलाबेलामा सासूले यस्तै अर्ती सुनाउँथिन् । तर तिनै पतिले उनलाई टेलिफोनबाटै तलाक दिए ।*

✍ **अमृता अनमोल**

बुटवल/साकिराको बिहे भएको एक वर्ष पुगेको थिएन । पेटमा ३-४ महिनाको गर्भ थियो । गर्भवती भएदेखि उनी बिरामी परिरहन्थिन् । कहिले टाउको दुख्थ्यो, कहिले वान्ता हुन्थ्यो त कहिले हातखुट्टा सुन्निएर हैरान । बेलाबेलामा पीडा सहन नसकेर बेहोस पनि हुन्थिन् । भैरहवाका साइकल पसले पति अहमद वारिस अली बिहान जुरुक्क उठेर पसलतिरै जान्थे । राति रक्सीले टन्न भएर मात्र फर्कन्थे । बिरामी सकिरा जस्तै अवस्थामा पनि शारीरिक सम्बन्धका लागि तयार हुनुपर्थ्यो । कसैगरी सकिनन् भने त्यो रात अनिष्ट हुनसक्थ्यो ।

पतिले जति अचाक्ली गरे पनि साकिरा सहन्थिन् । पतिका विरोधमा बोल्न हुँदैन । उनले त्यही सिकेकी थिइन् । 'पति परमेश्वर हुन् । परमेश्वरले जे गर्छन् राम्रै गर्छन् । केही गरी हानि हुने काम गरिहाले पनि सहनु नै जाती हुन्छ । त्यसको खिलाप गर्नु हुँदैन ।' साकिरालाई बेलाबेलामा सासूले यस्तै अर्ती सुनाउँथिन् ।

अति भएपछि कसैले पनि सहँदैन । कहिल्यै ठाडो नजरले नहेर्ने ससुरासित एक दिन साकिरालआफ्ना पीडा सुनाइन् । ससुराले माइत जान सल्लाह दिए । त्यहीँ गएर उपचार गर्न र सुत्केरीपछि टाँठिएर मात्र घर फर्कन अह्राए । उनकै मिलोमतोमा माइतीले पनि बोलाए ।

रूपन्देहीको पक्लिहवामा बिहे भएकी साकिरा (नाम परिवर्तन) त्यसपछि आफ्नो माइतीघर गजेहडामा फर्किन् । माइतै बसेर उपचार गरिन् । चार महिनापछि छोरी पनि जन्माइन् । घरबाट भेट्न पनि गएनन् । पतिले तीन महिनापछि फोन गरे । उनले आफूलाई पत्नीको व्यवहार मन नपरेको मात्रै भनेनन्, अब सँगै बस्दिनँ भन्दै फोनबाटै तलाक दिए । साकिरा अहिले माइतमै छिन् । घर छोड्दा गर्भमा रहेकी छोरी अहिले २ वर्षकी भइन् । न त उनले बाबुबाट नाम नै पाइन् न त लालनपालनका लागि सम्पत्ति नै ।

*मुस्लिम समुदायमा तलाक परम्परादेखि चलिआएको प्रथा हो । जसले धार्मिक मान्यतासमेत पाएको छ । जसअनुसार पतिले तीनपटकसम्म तलाक तलाक तलाक भनेपछि सम्बन्धविच्छेद हुने गर्दछ । त्यस्तो सम्बन्धविच्छेदमा पतिले पत्नीलाई केही दिनु पर्दैन । यसरी सजिलै सम्बन्धविच्छेद हुने भएकाले धेरै मुस्लिम पुरुषले आफूलाई सानो कुरामा चित्त नबुझ्नेबित्तिकै तलाक दिन्छन् । र, अर्को घरजम गरेर बस्छन् ।*

साकिरालाई पतिका विरोधमा उजुरी गर्न मन छ । तर गरेकी छैनन् । किन त ? साकिरा भन्छिन्, "आफन्त मुस्लिमहरूको नियम नाघेर अदालत जानु हुँदैन भन्छन् । माइती कमजोर छन्, आफूले पढिएन । कहाँ गएर कसरी निसाफ खोज्ने हो जान्दिनँ । बिनामेसो म कहाँ जाऊँ ?"

मुस्लिम समुदायमा तलाक परम्परादेखि चलिआएको प्रथा हो । जसले धार्मिक मान्यतासमेत पाएको छ । जसअनुसार पतिले तीनपटकसम्म तलाक तलाक तलाक भनेपछि सम्बन्धविच्छेद हुने गर्दछ । त्यस्तो सम्बन्धविच्छेदमा पतिले पत्नीलाई केही दिनु पर्दैन । यसरी सजिलै सम्बन्धविच्छेद हुने

*रहिमालाई अदालत गएमा आफ्नो भागको सम्पति लिन वा फेरि सम्बन्ध जोड्न सकिने थाहा छ । तर अदालत जान कसैको सहयोग पाइनन् । "सानैमा बिहे भयो । बिहेपछि सधैं बुर्काभित्र । न कहीँ जान पाइयो न मुख खोलेर कसैसित बोल्न । बुर्काबाहिरको संसार कस्तो छ ? जान्दिनँ । म एक्लै कहाँ जाऊँ ?," रहिमा दुःखेसो पोख्छिन् ।*

भएकाले धेरै मुस्लिम पुरुषले आफूलाई सानो कुरामा चित्त नबुझ्नेबित्तिकै तलाक दिन्छन् । र, अर्को घरजम गरेर बस्छन् ।

पछिल्लो जनगणनाअनुसार रूपन्देहीमा मुस्लिमहरूको जनसङ्ख्या ६१ हजार ५ सय ६३ छ जसमा महिलाहरू झन्डै ३२ हजार छन् । तीमध्ये करिब १ हजार महिला तलाकबाट पीडित भएको अनुमान छ । तर, यथार्थ तथ्याङ्क कसैसित छैन । रूपन्देहीमा विशेषतः दाइजो र छोरी जन्मेका कारणबाट बढी महिलाले तलाक पाएका छन् । त्यसमा पनि शारीरिक र मानसिक यातनापछि मात्र तलाक दिएको भेटिन्छ ।

नेपाल-भारत सीमानजिकै बेलहियाकी रहिमा अहमदका पतिले लगातार तीनवटी छोरी पाएपछि सानासाना कुरामा झगडा गर्न थाले । अरू त के तरकारीमा नुन बढी भयो भने पनि घण्टौं हकार्थे । धेरै समय घरबाहिर बिताउँथे । घरमा चाहिने सामान ल्याउन पनि क्रमशः कम गर्दै थिए ।

एक दिन घरमा तरकारी थिएन । पति पनि घरमा थिएनन् । रहिमा एक्लै तरकारी पसल गइन् । तरकारी पसल घरबाट १० मिनेट टाढा पर्थ्यो । जहाँ त्यसअघि उनी कहिल्यै एक्लै गएकी थिइनन् । न त बुर्का खोलेर नै घरबाहिर निस्केकी थिइन् । निहुँ खोजेका पतिलाई त्यही नै पर्याप्त भयो । साँझ मूर्च्छा परुन्जेल कुटे । चोट सहन नसकेपछि भिनाजुको सहारा खोजिन् । र, अर्को दिन छोरीहरू लिएर माइतीघर रूपन्देहीको तेनुहवामा गइन् ।

रहिमा माइत गएको १० दिनपछि पति सरिफ एक्कासि ससुराली गए । सासू-ससुरा घरमा थिएनन् । त्यही मौकामा उनले तथानाम गाली गरे । परम्परा नाघेर बुर्का नलगाई एक्लै बजार डुल्ने वेश्या आइमाईको आरोप लगाए । "यस्ती गतिछाडालाई पत्नी बनाएर राख्दा धर्मले धिक्कार्छ । समाजले कुरा काट्छ । म स्वास्नीका लागि नामर्द भएर बाँच्न सक्दिनँ, उनी यस्तै बकबकाउँदै तीनपटक तलाक भनेर हिँडे", रहिमा रुँदै सुनाउँछिन् ।

रहिमाले तलाक पाएको ३ वर्ष पुगिसकेको छ । छोरीहरू पढ्ने उमेरका भइसकेका छन् । तर उनीहरूको जन्मदर्ता भएको छैन । त्यसैले बाबुको मायासँगै उनीहरू पढ्नबाट समेत बन्चित भएका छन् । नाबालक छोरीहरूले बाबा खोई भनेर दुःख दिँदा र पढ्न नपाउँदा उनलाई दुःख लाग्छ । छोरीहरूका पिरलोले उनी पतिसित फेरि सम्बन्ध जोडेर घरमै फर्कन चाहन्छिन् । तर त्यस्तो संयोग मिलेन ।

रहिमालाई अदालत गएमा आफ्नो भागको सम्पत्ति लिन वा फेरि सम्बन्ध जोड्न सकिने थाहा छ । तर अदालत जान कसैको सहयोग पाइनन् । "सानैमा बिहे भयो । बिहेपछि सधैं बुर्काभित्र । न कहीँ जान पाइयो न मुख खोलेर कसैसित बोल्न । बुर्काबाहिरको संसार कस्तो छ ? जान्दिनँ । म एक्लै कहाँ जाऊँ ?," रहिमा दुःखेसो पोख्छिन् ।

बिहेमा दाइजो कम पाए पनि पत्नीलाई तलाक दिने चलन मुस्लिम समुदायमा बढ्दो छ । खुदाबगर गाविसका सपिना खान, मुन्नी र वेगम अली तथा तेनुहवाका झुनम र रझिना मुसलमानजस्ता दुई दर्जन महिलाले दाइजोकै कारण तलाक पाएका हुन् ।

दाइजो अभियान नेपालकी अध्यक्ष गीता पोखेल भन्छिन्, "अरूभन्दा धेरै मुस्लिम महिला दाइजोबाट पीडित छन् । उनीहरूलाई सुरुमा असहय शारीरिक र मानसिक यातना दिन्छन् । त्यसपछि तलाक । प्रायः दाइजोका कारण तलाक पाउनेलाई माइतीहरूले पनि न्याय दिलाउन सहयोग गर्दैनन् । उनीहरू दाइजोसँग आफ्नो इज्जत जोड्ने गर्दछन् । त्यसैले मुस्लिम महिलाहरूका पीडा अरू समाजले थाहै पाउँदैनन् ।"

बुटवल अमरपथको चाँदशृङ्गार पसलकी जरिना अन्सारी भन्छिन्, "सहर-बजारका केहीलाई छोडेर

अहिले पनि धेरैजसो मुस्लिम महिलालाई मदरसामा पढाउने चलन छ। जहाँ उर्दूमा धार्मिक ज्ञानका किताब मात्र पढाइन्छ। उनीहरू नेपाली भाषा बोल्न पनि जान्दैनन्। सानैमा बिहे, बिहेपछि सधैं बुर्काभित्र। बुर्काबाहिरको संसार देखेकासम्म हुँदैनन्। त्यस्ता महिलाहरू कहाँ गएमा न्याय पाइन्छ भन्ने कसरी जानून् र न्याय खोज्न बाहिर निस्कून् ?"

"अहिले जतातत‌ै महिला सशक्तीकरणका कुरा उठेका छन्। महिलासम्बन्धी थुप्रै सङ्घसंस्था पनि खुलेका छन्। तर, मुस्लिम महिलालाई सचेत पार्ने कुनै संस्था छैन। बुर्काभित्रको बेथा अरूलाई के थाहा ? कुनै पनि सरकारी, गैरसरकारी संस्थाले मुस्लिम महिलाका लागि कार्यक्रम ल्याएका छैनन्। धर्म र कर्म दुवैले उनीहरूलाई छेकेको छ," जरिना असन्तुष्टि पोख्छिन्। हुन पनि जिल्ला अदालत रूपन्देहीमा यस वर्ष मुस्लिम महिलाका जम्मा दुईवटा मुद्दा दर्ता भएका छन्। अदालतका स्रेस्तेदार कपिल गौतम भन्छन्, "मुस्लिम महिलाहरूमा शिक्षा र चेतनाको कमी छ। उनीहरू कानुनी कुरा बुझ्दैनन्। त्यसैले मुद्दा-मामिलाका लागि अदालत आउँदैनन्।"

तलाकलाई मुस्लिम देशहरूले कानुनी मान्यता दिएका छन्। तर नेपालमा छैन। तथापि मुस्लिमहरू देशकै कानुनसरह यसलाई पालना गर्छन्। त्यसैले तलाकजस्तो डरलाग्दो महिला हिंसाको समस्या राष्ट्रियकरण हुन सकेको छैन। भैरहवाकी कानुन व्यवसायी यमुना केसी भन्छिन्, "तलाकबाट बिचल्लीमा परेका धेरै मुस्लिम महिलालाई तलाक नेपालको कानुनविपरीतको काम हो भन्ने थाहा छैन।"

कानुन व्यवसायी यमुनाले तलाक पाएको थाहा पाएपछि आफैंले सम्पर्क गरी २ वर्षमा ४ वटा केस हेरेकी छिन्। जसमध्ये दाइजो र छोरी जन्मेका कारण धेरै छन्।। "तिनीहरूलाई यहाँसम्म ल्याउन मलाई ठूलै हम्मे परेको थियो," उनी बताउँछिन्।

रूपन्देही उद्योग सङ्घका अध्यक्षसमेत रहेका मुस्लिम समुदायका बुद्धिजीवी एजाज आलमका अनुसार तलाकले मुस्लिम धर्ममा अनुमति पाएको छ। तर, जसरी मन लाग्यो त्यसरी तलाक दिनका लागि होइन। तलाक भनेको पति-पत्नीबीचको सम्बन्धविच्छेद हो। जसरी अरू समुदायको सम्बन्धविच्छेद हुन्छ, त्यसरी नै तलाक दिनका लागि पनि कमसेकम दुवैको समझदारी चाहिन्छ। दुवैले अनिवार्य साक्षी पनि राख्नुपर्दछ। कसैले पत्नीको सहमतिबिना नै या कसैलाई साक्षी नै नराखी तलाक दिएमा त्यो सरासर अन्याय हो।

*तलाकलाई मुस्लिम देशहरूले कानुनी मान्यता दिएका छन्। तर नेपालमा छैन। तथापि मुस्लिमहरू देशकै कानुनसरह यसलाई पालना गर्छन्। त्यसैले तलाकजस्तो डरलाग्दो महिला हिंसाको समस्या राष्ट्रियकरण हुन सकेको छैन। भैरहवाकी कानुन व्यवसायी यमुना केसी भन्छिन्, "तलाकबाट बिचल्लीमा परेका धेरै मुस्लिम महिलालाई तलाक नेपालको कानुनविपरीतको काम हो भन्ने थाहा छैन।"*

समस्या समाधान गर्न के गर्ने त ? आलम भन्छन्, "पढेलेखेकाहरूले तलाकलाई मान्यता दिन छोडेका छन्। सबै मुस्लिमहरू शिक्षित भए भने यो समस्या आफैं हट्छ। त्यसैले मुस्लिमहरूलाई शिक्षित बनाउन सरकारले छुट्टै नीति बनाउनुपर्दछ। मुस्लिमहरू पनि अलिकति लचिलो हुनुपर्दछ।"

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# निर्दोष मरे, बाँच्नेको बिचल्ली

*माओवादी हिंसा र राज्यको प्रतिहिंसा रोकिएको १० महिना हुनलाग्दा पनि निर्दोष आफन्त गुमाउनुपरेका सर्वसाधारणको पीडा आलै छ । अहिलेसम्म राज्यले क्षतिपूर्ति त परै जाओस् सहानुभूतिसमेत नदिँदा पीडाको त्यो घाउमा नुनचूक थप्ने काम भइरहेको छ ।*

**निर्मला रेग्मी,**

सुर्खेत/नन्दा थानीका आँखा अझै ओभाएका छैनन् । पाँच वर्षदेखि लगातार आँसु बगाउँदै एक्लै भक्कानिएर रुन्छिन् र मन बुझाउन बर्बराउँछिन्, "मेरो छोराले कसको के बिगार गरेको थियो र पापीहरूले लखेटी-लखेटी मारे ?" तर जवाफ दिने कोही छैन ।

४५ वर्षीया नन्दाको छोरा युवकलाई २०५८ चैत ३० गते सेनाले गोली हानेर हत्या गरेको थियो । सुर्खेतस्थित रेडियो नेपालको सुरक्षार्थ बसेका सैनिकले दिउँसै रेडियोको गेटैअगाडि गोली हानेर उनको ज्यान लिएको थियो । सेनाले किन हत्या गऱ्यो, कसैलाई थाहा छैन । १७ वर्षे किशोर युवक त्यसै दिन एसएलसीको परीक्षा सकेर घर फर्किंदै थिए । पढ्नका लागि वीरेन्द्रनगर नगरपालिका- ६ स्थित दिदीको घरमा बसेका उनी परीक्षा सकिएपछि आफ्नो घर फर्कंदै थिए । टेम्पो चढेर आएका उनलाई सेनाले घरै नपुगी सिध्याइदियो । उनलाई मारेको देख्ने एक प्रत्यक्षदर्शी भन्छन्, "सेनाले लखेटी-लखेटी गोली हानेको थियो ।" त्यसपछि सरकारी सञ्चारमाध्यममा आतङ्ककारी मारिएको प्रचारबाजी गरियो ।

"माओवादी भएर हिँडेको भए पनि त्यही सोचेर मन बुझाउँथें होला, तर मेरो छोरा माओवादीको नाम पनि सुन्न चाहँदैनथ्यो" भक्कानिँदै नन्दा भन्छिन्, "अपराधै गरेको भए सजाय दिए हुन्थ्यो, मेरो अबोध छोराको ज्यान लिएर पापीहरूले के पाए ?"

सुर्खेत उत्तरगङ्गाकी ४४ वर्षीया महिन्द्रा भारतीको हालत पनि नन्दाकै जस्तो छ । अनाहकमा लोग्ने मारिएपछि उनी विछिप्त छिन् । उनका लोग्नेको हत्या माओवादीले गरेका थिए । "मेरो लोग्नेको केही कसुर थिएन, कसैको बिगार पनि गरेका थिएनन् । किन मारे उनीहरूले," उनी

*निहत्था नागरिकहरू यसरी मारिनुमा दोष कसको ? नेकपा माओवादीले सशस्त्र 'जनयुद्ध' थालेपछि १० वर्षको अवधिमा युद्धमा संलग्नता नभएका भरत र युवकजस्ता थुप्रै निर्दोष अनाहकमा मारिएका छन् । राज्यका सुरक्षाकर्मी र विद्रोहीले धेरै आमाका निर्दोष कोख उजाड पारेका छन्, हजारौं श्रीमतीका सिउँदो पुछिए, दशौं हजार बालबालिका टुहुरा भए । उनीहरू न माओवादीमा सामेल थिए न त माओवादीका 'दुश्मन' सुरक्षा निकायका मान्छे-सहयोगी नै थिए ।*

माओवादीलाई प्रश्न गर्छिन् । उनका लोग्ने तत्कालीन चन्द सरकारद्वारा नगर विकास समितिको अध्यक्षमा मनोनीत भएका थिए । उनी राप्रपा (चन्द) का केन्द्रीय पार्षद् थिए । लोग्ने भरत भारतीको २०६१ चैत २७ गते माओवादीले घरमै गोली हानी हत्या गरेका थिए । "श्रीमान्लाई चिया दिएर दूध तताउँदै थिएँ, तीनपटक गोली पड्केको आवाज सुनें," पछ्यौरीले आँसु पुछ्दै उनी भन्छिन्, "दौडेर बाहिर आउँदा भल्भली रगत बग्दै थियो, चियाको गिलास हातमै थियो, प्राण त उडिसकेछ ।"

लोग्ने मारिएपछि जीवनसाथी गुमाउँदाको जति पीडा छ, त्योभन्दा बढी बिजोक घरमुली मारिएपछि परिवारको छ । परिवारमा कमाउने कोही छैन ।

*अहिले युद्ध रोकिएको छ । हिंसा छोडेर माओवादी राजनीतिको मुलधारमा आएको छ । सरकार-माओवादीबीच विस्तृत शान्ति सम्झौतासमेत भएको छ । सम्झौताको दफा ५ मा "सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्ध अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने" भनिएको छ । तर, व्यवहारमा आयोग बन्न सकेको छैन ।*

आर्थिक स्रोत पनि छैन । राजाका लागि नगर विकास समितिमा मनोनीत भारती मारिएपछि परिवारलाई न राजाले हेरे न उनको सरकारले । "परिवारलाई केही सहयोग हुन्छ कि भन्ने आशले आफ्नै हातले राजालाई बिन्तीपत्र चढाएँ, पार्टीमा भनें, परशुनारायण चौधरीलाई समेत निवेदन दिएँ तर केही भएन," उनले दुःखको बेलिविस्तार लगाइन् ।

निहत्था नागरिकहरू यसरी मारिनुमा दोष कसको ? नेकपा माओवादीले सशस्त्र 'जनयुद्ध' थालेपछि १० वर्षको अवधिमा युद्धमा संलग्नता नभएका भरत र युवकजस्ता थुप्रै निर्दोष अनाहकमा मारिएका छन् । राज्यका सुरक्षाकर्मी र विद्रोहीले धेरै आमाका निर्दोष कोख उजाड पारेका छन्, हजारौं श्रीमतीका सिउँदो पुछिए, दशौं हजार बालबालिका टुहुरा भए । उनीहरू न माओवादीमा सामेल थिए न त माओवादीका 'दुश्मन' सुरक्षा निकायका मान्छे-सहयोगी नै थिए । तर पनि उनीहरूलाई बाँच्न दिइएन् । मारिनेहरू त मारिइसके, तर तिनका परिवार मृत्युभन्दा पनि कठोर पीडा भोगिरहेका छन्, आफन्त गुमाएपछि । उनीहरूको घरमा शान्ति छैन । दिन रात रुवाबासी र आर्तनाद मात्र सुन्न पाइन्छ ।

सुर्खेतकै छिन्चु गाविस-७ का गणेशबहादुर शाहीको घरमा पाँच वर्षदेखि त्यही रुवाबासी छ । २०५८ चैत १४ गते बिहान साढे चार बजे '५ मिनेट काम छ, बाहिर हिँड्नुस्' भन्दै एक हुल माओवादी कार्यकर्ताले लिएर गएका शाही त्यसपछि घर फर्केनन् । "सुतिरहेका मान्छेलाई कपडासमेत लगाउन नदिई लिएर गए," पत्नी अमृता त्यो बिहानको त्रासदी सुनाउँछिन्, "बजारबाट अलि पर पुऱ्याएर गोली हानेर मारेछन् ।" शाहीलाई मार्नुको कारण माओवादीले अहिलेसम्म खुलाएका छैनन् । सामान्य खेती-किसानी गर्ने शाही माओवादीभन्दा फरक राजनीतिक आस्था राख्थे । यही आरोपमा माओवादीले उनको ज्यानै लिए । उनको हत्याले परिवारमा शोक र रुवाबासी त छँदैछ, घरमुली मारिएका कारण परिवारको बिचल्ली पनि भएको छ ।

पछिल्लो दशकमा यसरी अनाहकमा धेरै मान्छे मारिए पनि त्यसको छानबिन कतैबाट भएको छैन । छानबिन नै नभएपछि हत्या गर्नेमाथि कारबाही हुने कुरै भएन । मानवअधिकारवादी सङ्घसंस्थाले निर्दोष मारिए भन्दै वक्तव्यबाजी गर्नेबाहेक केही गरेका छैनन् । राष्ट्रिय मानवअधिकार आयोगलगायतका निकायले निर्दोषको हत्या गर्नेहरूलाई किटानसाथ कारबाहीको सिफारिश गर्न अहिलेसम्म सकेका छैनन् ।

जेनेभा महासन्धिको धारा ३ मा सशस्त्र सङ्घर्षका बेला युद्धरत पक्षबाहेक हरेक स्थान र समयमा आमनागरिकको जीवन तथा शरीरविरुद्ध सबै प्रकारका हिंसा खासगरी हत्या, अङ्गभङ्ग, क्रूर व्यवहार र यातना निषेध गरिएको उल्लेख छ । तर, नेपालमा राज्य र विद्रोहीको निशानामा धेरै निहत्था र निर्दोष मात्र परेका छन्, निहत्थालाई जोगाउने प्रयास उनीहरूबाट हुँदै भएन ।

अहिले युद्ध रोकिएको छ । हिंसा छोडेर माओवादी राजनीतिको मुलधारमा आएको छ । सरकार-माओवादीबीच विस्तृत शान्ति सम्झौतासमेत भएको छ । सम्झौताको दफा ५ मा "सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्ध अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा

मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने" भनिएको छ। तर, व्यवहारमा आयोग बन्न सकेको छैन।

त्यसै त युद्धमा मारिएका नागरिकलाई राज्यले दिने क्षतिपूर्ति नाम मात्रको छ- माओवादीले मारे डेढ लाख रुपैयाँ दिइन्छ। तर, दुई-चारजनाले क्षतिपूर्ति पाए पनि धेरैले पाएकै छैनन्। क्षतिपूर्ति पाउन 'माथि' सम्म पहुँच चाहिन्छ। कमाउने घरमुली मारिने र क्षतिपूर्ति पनि नपाउने अवस्थाले परिवारकै बिचल्ली भएको छ। लोग्नेले चलाएको मिलको ऋण तिर्न महिन्द्रा भारतीले जग्गा बेच्नुपर्‍यो। अहिले मिल बन्द भएको छ। "जग्गाजमिन ऋण तिर्दा सकियो, अब हामी के खाएर बाँच्ने," तीन नाबालक सन्तान देखाउँदै उनले विलौना सुनाइन्।

आफन्त मारिएको पीडामा छटपटाइरहेकाहरू क्षतिपूर्ति नपाए पनि दोषी नउम्कियोस् र कडा कारबाही होस् भन्ने चाहन्छन्। "मेरो नातिको के दोष थियो र दिउँसै लखेटी-लखेटी मारे," युवक थानीकी सेताम्मे फुलेकी हजुरआमा भद्रकला भन्छिन्, "हत्यारालाई सजाय भएको आफ्नै आँखाले हेर्न पाऊँ।" नागरिक क्षेत्रबाट त्यही माग उठिरहेको छ। इन्सेक सुर्खेतका सल्लाहकार कमलेश डीसी भन्छन्, "युद्ध अपराधीहरूलाई तत्काल कडा कारबाही गर्नुपर्छ जसले गर्दा त्यस्ता अपराध नदोहोरिऊन्।" अधिवक्ता रमा प्याकुरेल युद्धका

*पछिल्लो दशकमा यसरी अनाहकमा धेरै मान्छे मारिए पनि त्यसको छानबिन कतैबाट भएको छैन। छानबिन नै नभएपछि हत्या गर्नेमाथि कारबाही हुने कुरै भएन। मानवअधिकारवादी सङ्घसंस्थाले निर्दोष मारिए भन्दै वक्तव्यबाजी गर्नेबाहेक केही गरेका छैनन्। राष्ट्रिय मानवअधिकार आयोगलगायतका निकायले निर्दोषको हत्या गर्नेहरूलाई किटानसाथ कारबाहीको सिफारिश गर्न अहिलेसम्म सकेका छैनन्।*

सामान्य नियमसमेत अटेर गरी निर्दोषको हत्या गर्ने व्यक्ति र उससँग जोडिएको सङ्गठनप्रमुखमाथि नै कारबाही हुनुपर्ने बताउँछिन्। भन्छिन्, "त्यस्ता घटनाको अभिलेखीकरण गरी हदैसम्मको सजाय दिनुपर्छ, जसबाट पीडितले राहत महसुस गर्न सकून् र अपराधीले फेरि अपराध दोहोर्‍याउने हिम्मत नगरून्।"

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# बचत समूहले बढाएको उत्साह

*रूपन्देहीमा महिलाहरूले चलाएको साना किसान सहकारी संस्थाले धेरैको मन जितेको छ । पुरुषहरू हुँदाहुँदै महिला अघि सरेका भनेर कतिले मुख हुँदाहुँदै नाकले पानी खाएको पनि भने तर त्यस क्षेत्रका महिलाले हिम्मत हारेनन् । आज उनीहरू समाजकै नमुना भएका छन् ।*

गीता कँडेल

*अध्यक्ष पार्बती भन्छिन्, "संस्थाको उद्देश्य आर्थिक क्षेत्रमा महिलाहरूको पहुँच बढाउनु हो ।" "महिलाका नाममा ऋण दिँदा ऋण लिनकै लागि भए पनि बचत गर्ने बानी बस्छ । यसैले महिलालाई लक्षित गरी कार्यक्रम सञ्चालन गरेका हौं" समूहकी व्यवस्थापक देवी गिरीको भनाइ छ । कृषि विकास बैंकबाट संस्था हस्तान्तरण हुँदा संस्थामा ३३ लाख ऋण थियो । र, चार सदस्य समूह थिए । तर अहिले करिब डेढ करोड रुपैयाँ बचत छ ।*

*बुटवल /'आइमाईले मात्र चलाएको संस्था कसरी चल्ला ?'* वित्तीय क्षेत्रमा उत्साही भएर काम थाल्दा छ वर्षअघि पार्वती बिष्टहरूलाई गाउँलेहरू यसै भन्थे । छ वर्षअघिका ती दिन सम्झँदै पार्वती भन्छिन्, *"सुरुमा त्यसरी खिसी गर्नेहरूले नै अहिले राम्रो गर्‍यौ भन्दा खुशी लाग्छ ।"* पार्बती रूपन्देहीको शंकरनगर साना किसान सहकारी संस्थाकी अध्यक्ष हुन् ।

सो सहकारी २०५७ सालमा खुलेको हो । जसले महिलाकै लागि भनेर लघुवित्त कार्यक्रम सञ्चालन गरेको छ। संस्थामा सञ्चालक समिति, लेखा समिति, शेयर सदस्य, बचतकर्ता र ऋणीलगायत र कर्मचारीमा पनि महिला नै छन् । उनीहरूले गाई, भैंसी, बाखा, बंगुरपालनमा लगानी गरेका छन् ।

अध्यक्ष पार्बती भन्छिन्, "संस्थाको उद्देश्य आर्थिक क्षेत्रमा महिलाहरूको पहुँच बढाउनु हो ।" "महिलाका नाममा ऋण दिँदा ऋण लिनकै लागि भए पनि बचत गर्ने बानी बस्छ । यसैले महिलालाई लक्षित गरी कार्यक्रम सञ्चालन गरेका हौं" समूहकी व्यवस्थापक देवी गिरीको भनाइ छ । कृषि विकास बैंकबाट संस्था हस्तान्तरण हुँदा संस्थामा ३३ लाख ऋण थियो । र, चार सदस्य समूह थिए । तर अहिले करिब डेढ करोड रुपैयाँ बचत छ । १ सय १५ बचत समूह र ६ सय २७ शेयर सदस्य छन् । गाविसभरिका प्रत्येक वडामा समूह छन् । र, तिनै समूहमार्फत संस्थाले बचत र ऋण प्रवाह गरेको छ ।

हुनत साना किसान सहकारीले महिलाहरूमा मात्र ऋण लगानी गरेको छैन । तर यस सहकारीले महिलाबाट मात्र बचत सङ्कलन र लगानी गरेको छ । कसरी त ? अध्यक्ष पार्बती भन्छिन्, "पछिल्लो समयमा संस्थाका काम पूर्णतः महिलाबाट भएका छन् । त्यसैले पहिलेका शेयर सदस्य र बचतकर्ता पुरुषले पनि आफ्नो नामका शेयर र बचत रकम परिवारका महिलाको नाममा गराए ।"

सुरुमा मासिक ५० रुपैयाँ जुटाउन नसक्ने महिलाहरू अहिले संस्थाको दुई, तीन लाख रुपैयाँको कारोबार गर्न सक्ने भएका छन् । जसले गर्दा श्रीमान् र ससुराका नाममा भएका घरजग्गा पनि महिलाहरूकै नाममा छन् । संस्थाका उपाध्यक्ष सङ्गीता अर्याल भन्छिन्, "सुरुका दिनमा मासिक ३० रुपैयाँ जुटाउन हम्मे पर्थ्यो । घरमा माग्न सक्दिनथें । माइतीतिर दगुर्नुपर्थ्यो । अहिले त ५० हजार रुपैयाँको कारोबार म आफैं गर्छु ।"

सामान्य परिवारकी सङ्गीताले संस्थामा बचत गर्न थालेपछि कारोबारका लागि ऋण लिएकी

*“दिदीबहिनीहरूले सहकारी नचलाएको भए मैले के पो गर्न सक्थें र ? उहाँहरूले मेरो मर्का बुझेर ऋण दिलाइदिनुभयो, नत्र त म अझै पनि खोला किनारमा गिट्टी कुटेर बसेकी हुन्थें, मेरा केटाकेटी पनि अर्काको घरमा काम गरिरहेका हुन्थे,” मीनकुमारी भन्छिन् । संस्थालाई अहिलेसम्म ऋण असुलीमा कुनै अप्ठ्यारो भने परेको छैन । जति पनि ऋणी छन्, सबैले भाखा ननाघ्दै संस्थामै आएर साँवाब्याज भुक्तानी गर्ने गरेका छन् ।*

थिइन् । सुरुमा १५ हजार रुपैयाँ लिएर काम थालेकी उनले किराना पसलदेखि लिएर ट्याक्टर किन्ने काम पनि गरिन् । कारोबार बढ्दै गएपछि संस्थासँग उनले थप ऋण लिँदै पनि गइन् । पटक-पटक ऋण लिँदा जसको नाममा घरजग्गा छ, उनी नै संस्थासँग प्रत्यक्ष सम्पर्कमा रहिरहनुपर्ने भएपछि ससुराबाट श्रीमान् हुँदै उनको नाममा घरजग्गा नामसारी भएको हो ।

सङ्गीता भन्छिन, “मैले बचत गर्न सुरु नगरेको वा ऋण लिएर कारोबार गर्ने आँट नगरेको भए अहिले मेरो नाममा सम्पत्ति छ भनेर सुनाउन कहाँ पाउँथें र ?” बचतकर्ताले संस्थाबाट ऋण लैजाँदा आफ्नो नाममा सम्पत्ति देखाउनुपर्ने भएकाले पनि महिलाका नाममा सम्पत्ति नामसारी हुन थालेको हो ।

संस्थाका अध्यक्ष पार्बती भन्छिन्, “महिलालाई आर्थिक क्षेत्रमा प्रवेश नगराउने परिपाटी भएको हाम्रो समाजमा यसलाई पनि ठूलो उपलब्धि मान्नुपर्छ ।” बचत गर्न चाहनेले प्रत्येक वडामा गठित अन्तरसमूहमार्फत संस्थामा रकम जम्मा गर्ने गरेका छन् । यसरी सामूहिक बचत गर्ने रकम ५० देखि सय रुपैयाँसम्म रहेको छ । त्यस्तै विशेष बचत योजनाअनुसार एक हजार रुपैयाँसम्म बचत हुने गरेको छ ।

शंकरनगरकै विष्णु अर्याल पनि साना किसान सहकारीमा न्यूनतम बचत गर्ने बानीले आफूलाई फाइदा पुगेको बताउँछिन् । उनलाई एकातिर थोरै भए पनि केही जोगाउन सकिएकोमा र अर्कोतिर संस्थाबाट ऋण लिएर भए पनि जीवनस्तर सुधार्न सकिएकोमा सन्तोष लागेको छ ।

थोरै बचतले पनि ठूलो काम गर्न सक्ने रै'छ, अर्याल भन्छिन् । उनी पनि सो सहकारीकी त्यस्ती सदस्य हुन्, संस्थामा आबद्ध भएपछि सम्पूर्ण घरजग्गा उनकै नाममा नामसारी भएको छ । संस्थाले परिस्थिति हेरिकन अति विपन्न महिलालाई बिनाधितो र बिनाबचत पनि ऋण दिने गरेको छ । यसरी बिनाबचत र बिनाधितो सामूहिक दायित्वमार्फत ऋण प्राप्त गर्नेमध्ये एक महिला हुन्- शंकरनगर डिंगरनगरकी मीनकुमारी कुमाल ।

“उनीसँग केही थिएन, केही गर्न सक्छिन् जस्तो लागेर लगानी गरेका थियौं, हाम्रो लगानी खेर गएन,” अध्यक्ष पार्बती भन्छिन् । सुरुमा पाँच सय रुपैयाँ लिएर बंगुरपालन सुरु गरेकी कुमालले अहिले आफ्नै नाममा १० धुर जग्गा जोडेकी छन् भने दुई छोरालाई स्कुल पठाएकी छन् ।

“दिदीबहिनीहरूले सहकारी नचलाएको भए मैले के पो गर्न सक्थें र ? उहाँहरूले मेरो मर्का बुझेर ऋण दिलाइदिनुभयो, नत्र त म अझै पनि खोला किनारमा गिट्टी कुटेर बसेकी हुन्थें, मेरा केटाकेटी पनि अर्काको घरमा काम गरिरहेका हुन्थे,” मीनकुमारी भन्छिन् । संस्थालाई अहिलेसम्म ऋण असुलीमा कुनै अप्ठ्यारो भने परेको छैन । जति पनि ऋणी छन्, सबैले भाखा ननाघ्दै संस्थामै आएर साँवाब्याज भुक्तानी गर्ने गरेका छन् ।

आँट्यो भने जे पनि गर्न सकिने रहेछ भन्ने प्रमाणित भएको छ अहिले संस्थाका सञ्चालकलाई । “मुख छँदाछँदै नाकले पानी खान थाले भन्थे, अहिले त्यही नाकले खाएको पानी पनि सर्को परेको छैन,” ठट्यौलो पारामा संस्थाकी अध्यक्ष पार्बती भन्छिन् । रूपन्देही जिल्लामा अहिले ३ सय ४६ वटा सहकारी छन् । जसमध्ये साना किसान सहकारीको सङ्ख्या १४ छ । महिलाको प्रोत्साहनले महिलाकै आर्थिक स्तर माथि उठाउन र बचत गर्ने बानीको विकास गराउन यस्ता सहकारीले महत्वपूर्ण भूमिका खेलेको

साना किसान विकास बैंक रूपन्देहीका कार्यकारी निर्देशक गोकर्णराज शर्मा बताउँछन् ।

अहिलेसम्म रूपन्देहीमा साना किसान सहकारी संस्थाहरूबाट महिलालाई नै नेतृत्व सुम्पिएका तीनवटा सहकारी सञ्चालन भएका छन् । शंकरनगर सहकारीका अलावा करहिया र खडवा वनगाई सहकारी संस्था महिलालाई नै सञ्चालक र ग्रामीण महिलालाई नै केन्द्रबिन्दु मानिएका सहकारी हुन् । तीमध्ये शंकरनगर सहकारी कृषि विकास बैंकबाट हस्तान्तरित संस्था हो । त्यस्तै करहिया सहकारी आनन्दवनबाट र खडवावनगाई सहकारी सेमलारबाट अनुशरण कार्यक्रममार्फत अलग भई सञ्चालित सहकारी हुन् ।

आनन्दवन साना किसान सहकारी संस्थाबाट पहिलोपटक अनुशरण कार्यक्रममार्फत १४ लाख रुपैयाँ ऋणसहित अलग भएको करहिया साना किसान सहकारीले आफ्ना कार्यक्रमहरू महिलाप्रति नै लक्षित गरेको छ । यो संस्थामा पनि सञ्चालकदेखि बचतकर्ता सदस्यसम्म महिला नै रहेका छन् । करहिया सहकारीकी कोषाध्यक्ष पौडेल भन्छिन्, "सुरुमा यिनीहरूले काम गर्न सक्दैनन् भनेर धेरै पुरुषले हेपेका थिए तर नआत्तिइकन महिलाका पक्षमा काम गर्‍यौं, अहिले त खुब राम्रो छ ।"

संस्थामार्फत ऋण लिएर किराना व्यवसाय सञ्चालन गरेकी मणिग्रामकी केशरी न्यौपाने महिलाले सञ्चालन गरेको सहकारीबाट महिलाले बढीभन्दा बढी फाइदा लिन सक्ने बताउँछिन् । उनी भन्छिन्, "यस्ता सहकारीमा हामी खुलेर आफूलाई आवश्यक परेको कुरा राख्न सक्छौं, समस्या बताउन पनि सजिलो हुन्छ ।"

महिलाको हितमा काम गर्न सञ्चालन भएका यस्ता सहकारीले बचत र ऋण लगानी मात्र गरेका छैनन् । महिलाका लागि चेतनामूलक कार्यक्रम र सामाजिक कामसमेत गरेका छन् । करहिया साना किसान सहकारीकी शिवा पौडेलका अनुसार संस्थाले समुदायमै गएर विविध चेतनामूलक काम गर्ने गरेको छ । शंकरनगर साना किसान सहकारीले पनि खानेपानी टंकी, सार्वजनिक शौचालय, कल्भर्ट निर्माणजस्ता कामहरू गरेको छ । त्यस्तै संस्थाले विपन्न सदस्यहरूको परिवारमध्येबाट एकजनालाई निःशुल्क अध्ययनको व्यवस्थासमेत मिलाएको छ ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# लुकेको पीडा !

***गर्भवती र सुत्केरी हुँदा गह्रौं काम गर्नुपर्ने, सुत्केरी अवस्थामा स्याहार नपुग्ने, पोषिलो खानेकुरा खान नपाउने र उमेरै नपुगी आमा बन्नुपर्ने अवस्थाका महिलाहरू आङ (पाठेघर) खस्ने समस्याबाट बढी पीडित छन् । उपचार नगरे ज्यानै जाने खतरा, त्यसमाथि लोग्नेले सौता हाल्ने वा सम्बन्धविच्छेद गर्ने डर बोकेर बसेका महिलाहरूको लुकेको पीडा समाजले अलिकति पनि महसुस गरेको छैन ।***

**✍ शोभा रेग्मी**

सुर्खेत/सुर्खेत गुमीकी दुर्गा कठायत भर्खर ९ दिनकी सुत्केरी थिइन्, राम्रोसँग हिँडडुल गर्नसक्ने अवस्था पनि थिएन । सुत्केरी भएले शरीर कमजोर थियो । सुत्केरीले कमजोर बनेकी श्रीमतीलाई आराम र पोषिलो खानेकुरा चाहिन्छ भन्ने सोच्नुको साटो उनका लोग्नेले धम्क्याउँदै तुरुन्त खेतमा काम गर्न जानु आदेश दिए- "सुतीसुती खान पाइँदैन, गहुँ काट्न जाने भए जा नत्र यो हँसियाले तलाईं नै काटिदिन्छु ।"

१८ वर्षीया दुर्गाको अगाडि लोग्नेको आदेश शिरोपर गर्नुको विकल्प थिएन । त्यसैले सरासर खेतमा गइन् । तर, २७ चैत २०५० को त्यो दिन उनको जीवनमा 'कालो दिन' बनेर आयो । सुत्केरी बेलामा आराम नगरी गाह्रो काममा खटेपछि उनको पाठेघर खस्यो र त्यही पीडा उनी अहिलेसम्म भोग्दैछिन् ।

पैसा कमाउन भारत गएका लोग्ने फर्किने बाटो हेरेर बसेकी सुर्खेत गुमीकै रामकली सुनारले असोज

*छाप्रे बुढाखालीकी ५५ वर्षीया पबी लामिछाने २३ वर्षदेखि आङ खस्ने समस्याबाट पीडित छिन् । सुत्केरी हुँदा राम्रो स्याहार नपाएपछि उनलाई यो समस्याले गाँज्यो । सुत्केरीमा राम्रो स्याहार नहुँदा जन्मिएका १२ मध्ये ११ सन्तान गुमे । उनी गहभरि आँसु पार्दै पीडा सुनाउँछिन्, “लोग्नेमान्छेले घरको काम गर्दैनन्, सुत्केरी भए पनि हामीले नै गर्नुपर्छ, अनि आङ खस्छ ।”*

२०५९ मा एउटा चिठी पाइन् । त्यसमा लेखिएको थियो “तिमीले घर नछोडेसम्म म फर्केर आउँदिनँ ।” लोग्ने फर्की आउने दिन गन्दै बसेकी रामकलीले दशैंको मुखमा यस्तो दुर्भाग्यपूर्ण खबर सुन्नुको कारण थियो, उनको पाठेघर खस्ने समस्या । सुत्केरी हुँदा गाह्रो काम गरेकाले उनलाई पाठेघर खस्ने समस्या आइलागेको थियो । त्यसैलाई निहुँ बनाई लोग्ने भारततिर लागेका थिए र जानुअघि उनलाई सम्बन्धविच्छेदका लागि दबाब दिएका थिए । उनी भन्छिन्, “त्यसपछि मेरो जीवनमा खुसीको दिन कहिल्यै आएन ।”

‘आङ खस्ने’ रोगका नामले चिनिने पाठेघर खस्ने समस्याले पीडित दुर्गा र रामकली मात्रै होइन, यस्ता महिला घरघरमा छन्, जो मुस्किलले बाँच्न बाध्य छन् । शरीरले भोगेको पीडा त छँदैछ, परिवारबाट पाउने यातना र दुर्व्यवहार झनै दर्दनाक छ । तर, उनीहरूका पीडा र व्यथा सुनिदिने कोही छैन । होऊन् पनि कसरी, जीवनभर साथ दिने कसम खाएका लोग्नेसमेत शत्रु बनेपछि अरू कसले पीडा बुझिदेओस् । दुर्गा भन्छिन्, “उपचार गरे निको हुन्थ्यो होला, तर यस्तो भए पनि औषधिमूलो गर भन्ने पनि कोही छैन ।”

सुत्केरी तथा गर्भवती अवस्थामा धेरै गाह्रो काम गर्ने, गह्रुँगो भारी बोक्ने, खानपिनमा ख्याल नपुऱ्याउने, उमेर नपुग्दै बच्चा जन्माउने, असुरक्षित सुत्केरी गराउनेजस्ता कारणले धेरै महिलामा यो रोग देखापर्छ । सुर्खेतका १० गैरसरकारी संस्थाले सञ्चालन गरेको पाठेघर खस्ने समस्यासम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रमले वीरेन्द्रनगर नगरपालिका र १४ गाउँ विकास समितिमा गरेको अध्ययनमा १ हजार पाँच सय २५ महिलाको पाठेघर खसेको भेटिएको थियो । तीमध्ये ८ सयजना तत्काल अप्रेसन गर्नुपर्ने अवस्थाका थिए । अस्पतालमा आउने बिरामीहरूमा पनि पाठेघर खस्ने महिलाको सङ्ख्या अत्यधिक देखिएको छ । सुर्खेत जिल्ला अस्पतालको तथ्याङ्कअनुसार विगत दुई वर्षमा अस्पताल आउने महिलामध्ये करिब ४ हजार पाठेघर खस्ने समस्या लिएर आएका थिए ।

तर यो नै यथार्थ तथ्याङ्क होइन । धेरैले यो पीडा खोल्न चाहँदैनन् । जति नै पीडा भोग्नुपरे पनि उनीहरू यसबारे अरूलाई जानकारी दिन चाहन्नन् र मनभित्रै लुकाएर बस्छन् । जनचेतना अभिवृद्धि कार्यक्रम संयोजक संस्था दलित पीडित महिला कल्याण समाजकी भानु श्रेष्ठको भनाइमा धेरै महिलाले आफ्नो समस्या लुकाउने भएकाले पीडितको सङ्ख्या अझै बढी हुन सक्छ ।

छाप्रे बुढाखालीकी ५५ वर्षीया पबी लामिछाने २३ वर्षदेखि आङ खस्ने समस्याबाट पीडित छिन् । सुत्केरी हुँदा राम्रो स्याहार नपाएपछि उनलाई यो समस्याले गाँज्यो । सुत्केरीमा राम्रो स्याहार नहुँदा जन्मिएका १२ मध्ये ११ सन्तान गुमे । उनी गहभरि आँसु पार्दै पीडा सुनाउँछिन्, “लोग्नेमान्छेले घरको काम गर्दैनन्, सुत्केरी भए पनि हामीले नै गर्नुपर्छ, अनि आङ खस्छ ।”

उत्तरगङ्गाकी सत्यदेवी पाण्डेको व्यथा योभन्दा फरक छैन । १७ वर्षकै उमेरमा उनी आमा बनिन् । उमेर नपुग्दै बच्चा जन्माएकाले त्यसै वर्ष उनको आङ खस्यो । लोग्नेले थाहा पाए अर्को अनर्थ होला भन्ने डरले लोग्नेलाई समेत थाहा नदिएर घरेलु औषधि गरिन्, तर केही भएन । कामको बोझ नघट्दा समस्या झन् बल्झियो । वीरेन्द्रनगरबाट चामलको बोरा बोकेर घरतिर जाँदै गरेको अवस्थामा भेटिएकी उनले भनिन्, “आङ खसेर दिसा, पिसाबसमेत गर्न सकिँदैन, तर पिठ्यूँको भारी कहिल्यै हटेन ।”

*पैसा कमाउन भारत गएका लोग्ने फर्किने बाटो हेरेर बसेकी सुर्खेत गुमीकी रामकली सुनारले असोज २०५९ मा एउटा चिठी पाइन् । त्यसमा लेखिएको थियो "तिमीले घर नछोडेसम्म म फर्केर आउँदिनँ ।" लोग्ने फर्की आउने दिन गन्दै बसेकी रामकलीले दशैंको मुखमा यस्तो दुर्भाग्यपूर्ण खबर सुन्नुको कारण थियो, उनको पाठेघर खस्ने समस्या ।*

समस्याको कारण यो मात्र होइन, सुत्केरी अवस्थामा जबर्जस्ती शारीरिक सम्पर्क राख्न खोज्ने लोग्नेका कारण पनि धेरै महिला आङ खस्ने समस्याले ग्रस्त छन् । सुत्केरी भएको १० दिनमा लोग्नेको जबर्जस्तीका कारण पाठेघर खसेको थियो बाबियाचौरकी भूमिसराको । "शारीरिक सम्बन्ध राख्न पाठेघर तानेपछि ऐया पनि भन्न नसकी मूर्च्छा पर्थें । पीडा सहन नसकेर माइत गएर बसें," एक छोराकी आमा भूमिसरा पीडा सुनाउँछिन्, "सुर्खेतमा एक वर्षअघि सञ्चालित शिविरमा पाठेघर फालें, अहिले सजिलो त छ तर लोग्नेको घर फर्केकी छैन, फेरि त्यही पीडाले भस्काउँछ ।"

आङ खस्ने समस्याले तत्काल ज्यानै जाँदैन तर त्यो जीवन अति नै पीडादायी हुने गर्छ । सुर्खेत कुनाथरीकी अमृता नेपाली भन्छिन्, "खुनका धारा बग्थे, सकिनसकी मेलापात गर्नैपर्थ्यो, यस्तो बिराम त शत्रुलाई पनि नहोस् ।" उनले भर्खर अप्रेसन गरी यो पीडा कम गरेकी छिन् ।

आङ खस्दा शरीरले भोग्ने पीडा त छँदैछ, लोग्ने र परिवारबाट पाउने मानसिक पीडा झनै दर्दनाक छ । लोग्नेले 'कठै' भनेर उपचार गर्नुको साटो सौता हाल्ने, सम्बन्धविच्छेद गरेका उदाहरण धेरै छन् । गुमीकी रामकलीले दुःखेसो सुनाइन्, "उसकै कारणले आङ खस्यो, अहिले उसैले घरबाट निस्की भन्छ ।" साटाखानीकी उमा आचार्यले सौता सहनुपरेको छ । भन्छिन्, "सम्बन्धविच्छेदको कागजमा सही गर्न भनेका थिए, मैले बरु सौता हाल छुट्टिन्न भनँ ।"

आङ खसिसकेपछि पीडाबाट मुक्ति पाउन पाठेघरको अप्रेसनबाहेक अरू उपाय छैन । तर, अप्रेसन गरेपछि आमा बन्न नसक्ने भएपछि लोग्नेले अर्को बिहे वा सम्बन्धविच्छेद गर्छन् । लोग्नेको यातना खप्न नसकी पाठेघर खसेको ३ वर्षपछि माइतीमा बसेकी दुई छोरीकी आमा दुर्गाले अप्रेसन गर्न धेरैपटक प्रयास गर्दा पनि लोग्नेको सहयोग पाइनन् । भन्छिन्, "स्याहार गर्दैनन्, छोरा चाहियो पनि भन्छन्, अप्रेसन गरे त मारिहाल्छन् नि ।"

कोख बाँझो भए पनि असह्य पीडाबाट छुटकारा पाइने आशले सम्बन्धविच्छेदको जोखिम मोलेर अप्रेसन गर्नेको सङ्ख्या पनि कम छैन । जिल्ला स्वास्थ्य कार्यालय प्रमुख डा. न्हुच्छेमान डङ्गोल २ वर्षमा एक हजार महिलाको अप्रेसन गरिएको बताउँछन् । १८ वर्षको उमेरमै कोख बाँझो पारेकी सालकोटकी जानकी राम्जाली भन्छिन्, "ज्यानै नरहने भएपछि अप्रेसन गरें ।"

तर, महिलाको यति ठूलो पीडामा सरकार चुपचाप छ । आङ खस्ने समस्याबाट पीडित कति छन् भन्ने तथ्याङ्क सरकारसँग छैन । ३ वर्षअघि राष्ट्रिय महिला आयोगले कारागारहरूको अध्ययन गर्दा २० प्रतिशतमा यो समस्या भेटिएको थियो । सुर्खेतमा गरिएको अध्ययनमा एउटै गाविसका २७ सुडेनी, तालिमप्राप्त स्वास्थ्य स्वयम्सेविकामध्ये १४ जना आफैंले यो समस्या बोकेका थिए । यो आंकडाले सामान्य जीवनयापन गरिरहेका अरू महिलाको अवस्था सहजै अनुमान गर्न सकिन्छ ।

समस्यासँग जुध्न जिल्लामा गठित महिला प्रजनन स्वास्थ्य तथा पाठेघर सुधार समितिका सदस्य बुद्धिप्रसाद सापकोटा भन्छन्, "महिलालाई मृत्युभन्दा कठोर पीडा दिने समस्या तह लाउन सरकारले प्रभावकारी कार्यक्रम लागू गर्नुपर्छ ।" तर न सरकारले यसबारेमा गहिरिएर सोचेको छ न त गैरसरकारी क्षेत्रबाट नै पाठेघर खस्ने महिलाको पीडा बुझ्ने प्रयास भएको छ ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# आमाहरूले चिनाए गाउँ

*अवसर पाए आमाहरूले के गर्न सक्दैनन् । स्याङ्जा सिरुबारीका आमाहरूले एउटा गाउँलाई नै पर्यटकका लागि आकर्षक बनाएर गाउँको सामाजिक-आर्थिक उन्नति गरेका छन् ।*

**भवानी अधिकारी**

स्याङ्जा/एकदशक लामो द्वन्द्व समाप्त भएको घोषणा हुँदा स्याङ्जा सिरुबारीकी भीमकुमारी गुरुङ धेरै खुशी भइन् । सिरुबारीमा आन्तरिक द्वन्द्वकै कारण पर्यटन व्यवसाय सुकेको थियो । पर्यटन व्यवसाय फस्टाउने आशामा भीमकुमारीजस्ता धेरै गाउँलेको मुहारमा खुशी छाएको छ अहिले ।

'अब त यो गाउँ चम्कने भयो' भीमकुमारीले भनिन्, "पर्यटक नहुँदा काम नै थिएन, अब त फुर्सद नहुने भो ।" देश-विदेशमा ग्रामीण पर्यटनको रूपमा आकर्षण बन्दै थियो सिरुबारी । गाउँमा पर्यटन सुनसान हुँदा पनि आमा समूह शान्तिको आशा छर्दै बसिरहे । आफैंले बनाएको यो पर्यटन इलाकाबाट उनीहरू विस्थापित हुन चाहेनन् ।

माओवादी द्वन्द्वका कारण यहाँका पुरुषहरू धेरै विदेश पलायन भए । विदेश जान नसक्ने सुरक्षा खोज्दै सहरतिर झरे । तर यहाँका आमाहरू समूहमा सङ्गठित भएर बसे । उनीहरूले गाउँ पनि छोडेनन् । आफ्ना छोराछोरी र गाउँलेका पछि पनि लागेनन् । गाउँको विकासका लागि निडर भएर जुटिरहे । "अब त गाउँबाट भागेकालाई पनि यहीं ल्याएर पर्यटन विकासमा लगाउने हो," हौसिँदै उनले भनिन्, "हाम्रा लागि सबैभन्दा ठूलो सम्पत्ति नै शान्ति हो ।"

सिरुबारीलाई अहिले नेपालभित्र मात्रै नभएर संसारका धेरै मानिसले चिन्छन् । चिन्ने आधार भनेको यहाँको ग्रामीण पर्यटन हो । कुनैबेला अनकन्टार लाग्ने जोकोहीका लागि अहिले यही गाउँ घुम्न धेरै पर्यटक खुशी मान्छन् ।

सिरुबारीलाई संसारभर चिनाउने काम आमाहरूले गरेका हुन् । आफू जन्मेको थलोलाई उनीहरूले माया मात्रै गरेनन्, संसारका मानिसको आँखामा पुऱ्याउने कामसमेत गरे । सिरुबारी स्याङ्जाको पञ्चमुल गाविस-४ मा पर्दछ । आमा समूहको निरन्तर प्रयासकै कारण सरकारले ०५४ सालमा यसलाई 'ग्रामीण पर्यटन केन्द्र' घोषणा गरिसकेको छ।

*पर्यटकका लागि नाम चलेका होटल यहाँ छैनन् । तर पनि खान र बस्नका लागि भने कुनै असुविधा छैन । घरपिच्छे सुविधासम्पन्न शौचालय छन् । सफा र शुद्ध खानेपानी पनि गाउँमा उपलब्ध छ । सबै घर पर्यटकका लागि उपयुक्त छन् । पर्यटकलाई 'पेइङगिङ' गेष्टको रूपमा राखिन्छ । प्रत्येकको घरमा २ जना पर्यटक बस्न सक्ने व्यवस्था मिलाइएको छ । पर्यटक राख्ने घर गाउँमा ५० छन् ।*

त्यसपछि हौसिएका आमाहरूले यसलाई साँच्चैको नमुना बनाउने काम गरे । देशको घुम्न लायकमध्येको उत्कृष्ट ग्रामीण पर्यटन केन्द्र बन्न पुग्यो, अहिले ।

सिरुबारी गाउँमा झुरुप्प परेको गुरुङ बस्ती छ । यसलाई ग्रामीण पर्यटन केन्द्र बनाउने सोच र काम पनि यहाँकै आमाहरूले नै गरेका हुन् । "हामीले धेरै समयदेखि सिरुबारीमा पर्यटक ल्याउन खोजिरहेका हौं, अहिले सफल भएका छौं," खुसीले हौसिँदै आमा समूहकी तीर्थकुमारी गुरुङले भनिन्, "अहिले त धेरै आशा पलाएको छ ।"

अगुवाहरूले कोरिदिएको योजना पछ्याउँदै लाग्दा उनीहरू गाउँकै उदाहरणीय महिला बन्न पुगेका छन् । गाउँले देश-विदेशमा चर्चा पाउन थाल्यो । अहिले यो गाउँमा आउने पर्यटकलाई उनीहरू खुसिसाथ स्वागत गर्छन् । आफ्ना लाहुरे पतिसँग देश-विदेश घुम्दा सङ्गालेको अनुभवले उनीहरूलाई

पनि केही गरौं-गरौं भन्ने भावना आयो । पर्यटकीय केन्द्र बनाउन उनीहरू जुटेका हुन् । 'अहिले आउँदा हामीहरूलाई दङ्ग लाग्छ' दश वर्षअघिको सिरुवारी सम्झँदै तीर्थकुमारी भन्छिन्, "अब सिरुबारीमा नेपालीले मात्रै होइन, विदेशी पनि सम्झेर आउन थालेका छन् ।" यो गाउँ प्राकृतिक सँगसँगै ऐतिहासिक र पुरातात्विक हिसाबले त्यत्तिकै महत्व बोकेको छ ।

सिरुबारी पुग्ने पहिलो पर्यटक अस्ट्रेलियाका ग्रामीण पर्यटक डा. टोनी पारा हुन् । महिलाहरूले गरेको काम देखेर नै गाउँका अगुवा तथा पूर्वसांसद रुद्रमान गुरुङले पारालाई सिरुबारी लगेका थिए । पर्यटन कार्यालय पोखराका तत्कालीन प्रमुख पदमबहादुर केसी र टोनीले सिरुबारीलाई ग्रामीण पर्यटकको खाका बनाए । जसलाई पछ्याउँदै महिलाहरू अघि बढे । उनीहरूको काम र लगनशीलताबाट सरकारले ग्रामीण पर्यटन केन्द्र घोषणा गऱ्यो यो गाउँलाई । 'पर्यटकको केन्द्रको रूपमा विकास गर्न तीन वर्ष लाग्यो' विगत सम्झदै अगुवा महिला भीमकुमारी गुरुङ भन्छिन्, "निरन्तर प्रयास र मेहनतपछि हामीले उनेको सपना पूरा भएको छ ।"

पर्यटकका लागि नाम चलेका होटल यहाँ छैनन् । तर पनि खान र बस्नका लागि भने कुनै असुविधा छैन । घरपिच्छे सुविधासम्पन्न शौचालय छन् । सफा र शुद्ध खानेपानी पनि गाउँमा उपलब्ध छ । सबै घर पर्यटकका लागि उपयुक्त छन् । पर्यटकलाई 'पेइगिङ' गेष्टको रूपमा राखिन्छ । प्रत्येकको घरमा २ जना पर्यटक बस्न सक्ने व्यवस्था मिलाइएको छ । पर्यटक राख्ने घर गाउँमा ५० छन् । यहाँ आउने पर्यटकलाई व्यवस्थित गर्न क्याप्टेन हर्कबहादुर गुरुङको अध्यक्षतामा गाउँ पर्यटन समिति गठन गरिएको छ ।

पर्यटकको सम्पूर्ण जिम्मा समितिलाई हुन्छ । पर्यटकलाई पञ्चमूल गेटमा नौमती बाजासहित फूलमालाले स्वागत गर्दै सिरुबारी भित्र्याइन्छ । आलोपालोअनुसार घरमा लगिन्छ । घरमा गएपछि पर्यटकलाई राम्रो आथित्यमा राख्ने जिम्मा घरधनीको हुन्छ । पर्यटकको मनोरञ्जनका लागि साँझमा नाचगान कार्यक्रम हुन्छ ।

विदेशी महिला पर्यटक भएमा नेपाली पोशाक तथा गहना लगाएर नाच्न लगाइन्छ । महिलाहरूले आफ्नो नियमअनुसार घाँटु, कुसुण्डा, सती, बारमासे, सोरठी, कृष्ण चरित्रजस्ता नाचहरू देखाउँछन् । यसो गर्दा नेपालको भेषभूषा र संस्कृतिबारे विदेशमा समेत जानकारी पुग्ने गरेको बताउँछिन् स्थानीय विष्णुकुमारी गुरुङ । "राजधानीका तारे होटलमा भन्दा गाउँका झुपडीमा बस्न र खान रुचाउँछन् विदेशी पर्यटक," विष्णुकुमारी भन्छिन्, "अझ यहाँको न्यानो आतिथ्यताबाट पर्यटक प्रभावित हुन्छन् ।"

*त्यसपछि हौसिएका आमाहरूले यसलाई साँच्चैको नमुना बनाउने काम गरे । देशको घुम्न लायकमध्येको उत्कृष्ट ग्रामीण पर्यटन केन्द्र बन्न पुग्यो, अहिले । सिरुबारी गाउँमा झुरुप्प परेको गुरुङ बस्ती छ । यसलाई ग्रामीण पर्यटन केन्द्र बनाउने सोच र काम पनि यहाँकै आमाहरूले नै गरेका हुन् । "हामीले धेरै समयदेखि सिरुबारीमा पर्यटक ल्याउन खोजिरहेका हौं, अहिले सफल भएका छौं," खुसीले हौसिंदै आमा समूहकी तीर्थकुमारी गुरुङले भनिन्, "अहिले त धेरै आशा पलाएको छ ।"*

उनका अनुसार पर्यटकको जिम्मा लिएको घरका गृहिणीले पर्यटकको इच्छाअनुसार नै खान बनाएर खुवाउनुपर्छ । दाल, भात, ढिंडो, कुखुराको मासु, भुटेको मकै, कोदोको लोकल रक्सी, दूध, दही, मही तथा हरियो तरकारी खुवाउने गरिन्छ । "गाउँको खाना पनि निकै स्वाद मानीमानी खान्छन्," स्थानीय जुमबहादुर गुरुङ महिलाहरूको अठोट र साहस देखेर दङ्ग हुँदै भन्छन्, "यो सबै आमाहरूको देन हो ।"

पर्यटकको हिमचिमका कारण गृहिणीहरूले अङ्ग्रेजी भाषासमेत बुझ्न थालेका छन् । यहाँका अधिकांश महिला निरक्षर छन् । तर पर्यटकको सङ्गतकै कारण अङ्ग्रेजी बुझ्न र बोल्न थालेको बताउँछिन् मीनाकुमारी गुरुङ । "बस्नेलाई सिट, चियालाई टि, खानालाई ब्रेकफास्ट र राम्रोलाई

बियुटीफूल जस्ता शब्द अब त बुझ्ने मात्रै होइन, बोल्नसमेत थालियो," उनी भन्छिन्, "यसले बाहिरको कुरा पनि थाह पाउन अवसर मिलेको छ ।"

गाउँ पनि चिटिक्क छ। हरेक दिन सफा सुघ्घरमा ध्यान दिन्छन् । बोल्न लजाउने महिलाहरू आजभोलि धक नमानी बोल्छन् । नियम यति कडा छ कि पाहुना सत्कार गर्न नजान्ने र पाहुनाको इच्छाअनुसार खाना खुवाउन नजान्नेलाई पाहुना राख्न दिइँदैन । "पचास वर्षमा नभएको सुधार १० वर्षमा भएको छ," भीमकुमारीले भनिन्, "महिलाहरूले गरे भने समाज मात्रै होइन, देश पनि बनाउन सक्छन् भन्ने यो एउटा उदाहरण हो ।"

पर्यटकको चहलपहल बढेपछि उनीहरूले हस्तकलालाई पनि अघि बढाए। साथै स्थानीय कच्चापदार्थमा आधारित साना तथा घरेलु उद्योगहरूसमेत सञ्चालन गर्दै आएका छन् । काठ तथा धातुका सामान, बाँस, निगालो र माटाका आकर्षक सामान, कपडा तथा ऊनीका टोपी, झोला, स्वीटर, नेपाली कागजबाट बनाइएका डायरीहरू उत्पादन गर्छन् । पर्यटकले सिरुबारीको कोसेली भन्दै त्यस्ता सामान खरिद गर्छन् ।

सिरुबारीको विकास देख्दा गाउँकी अगुवा तीर्थकुमारी डा. टोनीलाई बिर्सन सक्दिनन् । उनी भन्छिन्, "डा. टोनी पारले गरेको सहयोग हामीले कहिल्यै भुल्ने छैनौं ।" उनले राजधानीका पर्यटक ओसार्ने ट्राभल एजेन्सी, ट्रेकिङ एजेन्सी र पर्यटन बोर्डसँग समन्वय गरी पहिलो वर्ष जापान, बेल्जियम, स्वीडेन, नर्वे, जर्मन, अमेरिका र बेलायतका गरी २ सयभन्दा बढी पर्यटक सिरुबारी उकाले । जसको प्रचारप्रसारले आज सिरुबारीको नाम विदेशमा पनि चर्चित छ ।

सिरुबारी पहिलो ग्रामीण पर्यटन केन्द्र घोषित भएपछि छोटो समयमै यसले पर्यटन विकासको क्षेत्रमा उल्लेख्य काम गरेबापत पाटा पुरस्कार पनि पायो । त्यस्तै महिलाहरूले संरक्षण गरेको सामुदायिक वनले राष्ट्रिय स्तरको पुरस्कार पायो । यी दुवै पुरस्कारबाट उत्साहित यहाँका महिलाहरूले सिरुबारीको पर्यटन विकासमा आसलाग्दो भविष्य देखेका छन् । त्यसैले उनीहरू पाका उमेरदेखि युवायुवतीसम्मलाई पर्यटन विकासमा हौसाउन थालेका छन् ।

"सिरुबारीको परिवर्तनमा आमाहरूकै योगदान हो," पूर्वसांसद रुद्रमान गुरुङ भन्छन्, "आमाहरूले पुऱ्याएको योगदानले नै आज संसारमा सिरुबारीको नाम चलेको छ ।" पर्यटकका लागि खाना पकाउन उनीहरूले तीन महिनाको तालिमसमेत गाउँमा नै लिएका थिए । "पर्यटकले के रुचाउँछ र के गर्दा यिनीहरू खुसी हुन्छन् भन्ने कुरा आमाहरूले जानेका छन्" रुद्रमान भन्छन्, "त्यहीअनुरूप व्यवहार र नियमको पालना पनि गरेका छन् ।"

सिरुबारीलाई आजसम्म ल्याउनेमा सिद्धार्थ र बुद्धशान्ति आमा परिवार अग्रसर छन् । पर्यटक मात्रै नभई वातावरण र वनपैदावरमा पनि उनीहरूले डटेर काम गरेका छन् । त्यसैको फलस्वरूप ०६१ मा बुद्ध आमा परिवारले 'पर्वतीय विकास पुरस्कार' समेत पायो । "महिलाहरूले गरेको काम मुलुककै लागि शिक्षा हो," रुद्रमान भन्छन्, "महिलाहरू दिनरात यसरी नखटिएको भए आज सिरुबारी उजाड गाउँमा सीमित हुन्थ्यो होला ।"

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# महिला दुर्व्यसनी

*लागूपदार्थको कुलतमा फस्ने महिलाहरू पुरुषको तुलनामा बढी जोखिममा हुन्छन् । उनीहरू समाजबाट मात्रै होइन, आफ्नै घरपरिवारबाट पनि घृणा र तिरस्कारको शिकार बनेका छन् । सामाजिक परिवेश, सङ्गतसँगै महिला दुर्व्यसनी बढ्नुको कारण आमाबाबुको बेवास्ता पनि हो भन्ने कारण खोज्न धरान गए देखिन्छ ।*

✍ निलिफा सुब्बा

**धरान**/घरमा अभाव केही कुराको थिएन । माया गर्ने लोग्ने थिए, सुखी परिवार थियो । तर अहिले केही छैन, न लोग्ने छन् न घरपरिवार छ । उनी आफ्नै कारणले घर न घाटको भएकी छिन् । जसोतसो बाँचेकी त छिन् तर, बाँच्नुको अर्थ उनैलाई थाहा छैन ।

धरानकी २३ वर्षीया कमला राई (नाम परिवर्तन) को जीवन कसरी भताभुङ्ग भयो उनी आफैंलाई थाहा छैन । आफ्नै मनसँग प्रश्न गर्छिन् तर जवाफ पाउँदिनन् । कारण जेसुकै होस् तर उनको जीवन भताभुङ्ग बनायो, लागूपदार्थको दुर्व्यसनले । थाहै नपाई लागेको लागूपदार्थ अर्थात् दुर्व्यसनको लतले उनलाई नारकीय जीवनमा पुऱ्याइदिएको छ । अब उनी न पुरानो जीवनमा फर्किन सक्छिन् न यत्तिकै रहिरहन । बेलाबेलामा आफूले गल्ती गरेको महसुस हुँदा झनै पीडा थपिन्छ उनमा । भन्छिन्, "म कसरी यो नर्कमा फसें, अब कसरी निस्कने होला यहाँबाट ? "

लहलहैमा लागूपदार्थ सेवन गर्न थाल्दाको परिणाम उनले जीवनमा यति महँगो सजाय भोग्नुपऱ्यो । हिजो माया गर्ने परिवारले उनलाई घृणा र तिरस्कार मात्र गर्छ । समाजको तिरस्कार त झनै बढी छ । परिवारको मायामा छटपटाइरहेकी उनले अब त्यो माया पाएकी छैनन् । "अब त म यो संसारमा एक्लै छु, मेरो कोही रहेनछ जस्तो लाग्छ" आँखाबाट खस्दै गरेका आँसु पुछ्दै कमला भन्छिन्, "अहिले मलाई कसैले माया गर्दैन, म यो कुलतबाट बच्न चाहन्छु, फेरि त्यही परिवारसँग बस्न मन छ ।

*लहलहैमा लागूपदार्थ सेवन गर्न थाल्दाको परिणाम उनले जीवनमा यति महँगो सजाय भोग्नुपऱ्यो । हिजो माया गर्ने परिवारले उनलाई घृणा र तिरस्कार मात्र गर्छ । समाजको तिरस्कार त झनै बढी छ । परिवारको मायामा छटपटाइरहेकी उनले अब त्यो माया पाएकी छैनन् । "अब त म यो संसारमा एक्लै छु, मेरो कोही रहेनछ जस्तो लाग्छ" आँखाबाट खस्दै गरेका आँसु पुछ्दै कमला भन्छिन् ।*

कसैले सक्नुहुन्छ भने मलाई यो नर्कबाट निकाल्नुस् ।"

लागूपदार्थको दुर्व्यसनमा फस्नुहुँदैन भन्ने उनलाई राम्रोसँग थाहा थियो । अरू त्यसरी फसेको आफैंले देखेकी पनि थिइन् । तर उनी आफैं भने कसरी फस्न पुगिन्, थाहा छैन । घरपरिवार र समाजबाट तिरस्कृत भएपछि त्यही कुलत नै अहिले उनको साथी बनेको छ । भन्छिन्, "अब त दुःख बिर्सन नसाको सेवन गर्छु । आज नसा मेरा लागि

सुखदु:खको साथी भएको छ। दिनचर्या नसाको खोजीमै बित्छ, बिहान उठेदेखि ड्रग्सको खोजीमा निस्कन्छु।" ड्रग्सको खोजीमा दुर्व्यसनी केटाहरूसँगै उनको बढी सङ्गत हुनेगर्छ।

थाहै नपाई लागूपदार्थको कुलतमा फसेकी कमला मात्रै होइनन्, धरानमा यस्ता दुर्व्यसनी महिला धेरै छन्। तिनैमध्ये एक हुन् २६ वर्षीया बिमला लिम्बू (नाम परिवर्तन)। लोग्ने दुर्व्यसनी भएकाले लोग्नेलाई छुटाउन प्रयास गर्दागर्दै उनी आफैं लागूपदार्थको कुलतमा फसिन्। लोग्नेस्वास्नी नै दुर्व्यसनी भएपछि उनीहरूले पैसा कमाउन लागूपदार्थकै कारोबार गर्ने धन्दा सुरु गरे। "जागिर थिएन, सम्पत्ति पनि पर्याप्त थिएन। ड्रग्स लिन पनि पैसा चाहियो, त्यसैले लोग्नेस्वास्नी मिलेर ड्रग्स किनेर बेच्न थाल्यौं" उनी भन्छिन् "अहिले त ड्रग्स छाड्नै नसक्ने भएकी छु।"

कारोबार गर्दागर्दै प्रहरी फन्दामा परेपछि लोग्ने जेलमा छन्। उनी भने अहिले पनि यही धन्दाले गुजारा गर्दैछिन्। बिहान उठेदेखि रातिसम्म लागूपदार्थ बेच्ने, पैसा असुल्ने र ड्रग्स सेवन गर्नमै उनको समय बित्छ। सुरुमा चुरोट र गाँजा खान थालेकी उनी अहिले प्रोक्सिनवन, ब्राउनसुगर हुँदै इन्जेक्सनसम्म लिन थालेकी छिन्। लागूऔषध सेवनले जीवनमा कहिले नभोगेको दु:खकष्ट भोग्नुपरेको छ। दुर्व्यसनी र कारोबार दुवै गर्ने उनी आफ्नो पीडा यसरी सुनाउँछिन्, "कहिले पुलिसले समाउँछ, कहिले माओवादीले।"

पुरुषजस्तै महिला दुर्व्यसनीलाई घरपरिवार, समाजमा बसिखान गाह्रो मात्र होइन असम्भवजस्तै छ। कुलतमा फसेपछि घरमा बस्नै नपाइनेसम्मको अवस्था छ। त्यसैले धेरै महिलाको जीवनै बर्बाद भएको छ। पीडा यतिमै सीमित छैन। सिरिञ्जबाट लागूपदार्थ लिनेहरू एचआईभी, एड्सजस्ता डरलाग्दा रोगको सङ्क्रमणमा समेत पर्ने गरेका छन्। धरानका धेरै महिला त्यो खतरामा समेत रहेका हुनसक्छन्। त्यही खतरा औंल्याउँदै उषा भन्छिन्, "मैले धेरैपटक कुलत छोड्ने प्रयास गरें, तर सकिनँ।"

लागूऔषध नभइनहुने लत बसेको थियो, बिना राईको। घरायसी तनावले एक वर्षदेखि लगातार लागूऔषध सेवन गर्दै आइरहेकी बिनाले घरको तनाव कम भएपछि आफैं लत छाडिन्। चाहेमा छोड्न सकिन्छ भन्ने आत्मविश्वास उनमा छ। तर

*लागूऔषध नभइनहुने लत बसेको थियो, बिना राईको। घरायसी तनावले एक वर्षदेखि लगातार लागूऔषध सेवन गर्दै आइरहेकी बिनाले घरको तनाव कम भएपछि आफैं लत छाडिन्। चाहेमा छोड्न सकिन्छ भन्ने आत्मविश्वास उनमा छ। तर उनको परिवारलाई भने उनी दुर्व्यसनी भएको थाहा थिएन। तर, एकपल्ट लतमा फसेर उम्केका महिलाहरू नसकेर फेरि दुर्व्यसनको शिकार बनेका उदाहरण पनि छन्। धरानकी सम्झना राई तिनैमध्ये एक हुन्।*

उनको परिवारलाई भने उनी दुर्व्यसनी भएको थाहा थिएन।

तर, एकपल्ट लतमा फसेर उम्केका महिलाहरू नसकेर फेरि दुर्व्यसनको शिकार बनेका उदाहरण पनि छन्। धरानकी सम्झना राई तिनैमध्ये एक हुन्। लागूपदार्थको समस्यालाई लुकाउन हुँदैन भन्दै केही महिनाअघि काठमाडौंमा उपचार गराई फर्केकी सम्झना अहिले फेरि त्यही कुलतमा लागेकी छिन्। "धेरैपटक छोड्ने प्रयास गरें तर सकिनँ," उनी भन्छिन्, "अब त नसा नै बस्यो, छाड्न सक्दिनँ होला।" आफूले छाड्न नसके पनि लागूपदार्थसम्बन्धी विभिन्न कार्यक्रममा आफ्ना अनुभव सुनाउँदै उनी अरूलाई दुर्व्यसनमा नफस्न सल्लाह दिन्छिन्।

तीन वर्षदेखि लागूऔषध दुर्व्यसनीलाई सल्लाह, उपचारलगायत सहयोगको काम गर्दै आएको धरान पुनर्जीवन केन्द्रका इन्चार्ज कमल तिगेला भन्छन्, "पुरुषको तुलनामा केन्द्रमा महिला दुर्व्यसनीहरू आउँदै-आउँदैनन् भन्दा हुन्छ।" उनी भन्छन्, "चाहेर पनि घरपरिवार, समाजको डर, त्रासले खुलेर बाहिर

दुर्व्यसनीलाई सुधार्नुको साटो समाज र परिवारले उनीहरूलाई थप यातना दिने गरेको छ। कतिपय दुर्व्यसनीका परिवारले इज्जत गुम्ने डरले उनीहरूलाई आवश्यक उपचार पनि नगरी समस्या गुपचुप राख्ने गर्छन्। त्यसमाथि छोरीको इज्जत गुमे भोलि 'छोरी बिक्दैनन्' भन्ने मान्यता बलियो छ। परिवार र समाजले दुर्व्यसनमा लाग्नुको कारण खोज्दैन तर लागेपछि घृणा र तिरस्कार मात्र गर्छ। तर, परिवार र समाजको इज्जतका कारण दुर्व्यसनी महिलाहरू लतमा फसेर उम्कन सक्दैनन् र मरेतुल्य भएर बाँच्छन्। दुर्व्यसनीको क्षेत्रमा काम गर्ने सङ्घसंस्थाले पुरुषसरह महिला दुर्व्यसनीलाई सेवा सुविधा उपलब्ध नगराएको बताउँदै समाजसेवी मन्दिरा तुलाधर भन्छिन्, "सङ्घसंस्थाले पुरुषसरह महिलालाई पनि सेवा दिनुपर्छ।" पुनर्जीवन केन्द्रका निर्देशक तिगेला भन्नुहुन्छ, "महिलाहरू सम्पर्कमै आउन नचाहने र आएकाहरू पनि खुलेर कुरा नगर्ने भएकाले समस्या देखिएको छ।"

आउँदैनन्। उनीहरू सुध्रन चाहन्छन् तर उनीहरूलाई सुधार्ने पारिवारिक, सामाजिक वातावरण छैन।" महिला दुर्व्यसनीहरू धेरै बेरोजगार छन्, लतमा परेपछि 'लागूऔषधको खोजीमा' केटा साथी धेरै हुने भएकाले कतिपयको थुप्रैसँग शारीरिक सम्पर्क पनि हुन्छ। त्यो सम्पर्क असुरक्षित हुने भएकाले धेरै दुर्व्यसनी महिलाहरू यौनरोग, एचआईभी, हेपाटाइटिसजस्ता रोगका शिकार बन्ने गरेको उनको भनाइ छ।

पश्चिमी संस्कारले पूरै गाँजिसकेको धरानमा दुर्व्यसनी महिलाको सङ्ख्या ठूलो छ, तर खुलेर आउनेको सङ्ख्या भने एकदम कम। आफूलाई दुर्व्यसनी भन्न नहिच्किचाउनेहरू पनि अधिकांश विवाहित र घरपरिवार बर्बाद भइसकेकाहरू छन्। अविवाहित युवतीहरू भने कुलतमा फसे पनि सार्वजनिक हुन र आफ्नो पीडा बाहिर ल्याउन चाहँदैनन्। दुर्व्यसनी महिलाहरूको सङ्ख्या बढिरहँदा परिवार, समाज र अन्य सङ्घसंस्थाले पनि त्यसमा ध्यान पुऱ्याएको देखिंदैन।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# घरेलु हिंसाको डरलाग्दो तनाव

***कष्टपूर्ण काम गरेर घरपरिवारको गुजारा चलाइरहने महिलाहरू आफ्नै लोग्नेको यातना सहन बाध्य भएका उदाहरण जति पनि भेटिन्छन्। लोग्नेको अत्याचारबाट हदैसम्म पीडित हुँदा पनि उनीहरू त्यसविरुद्ध उजुरी गर्न घरबाहिर निस्कन सक्दैनन्। किनकि समाज असहयोगी छ, त्यसमाथि घरेलु हिंसाविरुद्ध देशमा बलियो कानुन पनि छैन।***

**✍ रञ्जु रेग्मी**

दाङ/साँझ पर्नेबित्तिकै मल्ली चौधरीको चिन्ता सुरु हुन्छ, आज कुनचाहिँ छिमेकीको घरमा रात काट्ने भनेर। दाङ त्रिभुवननगर नगरपालिका-३ की मल्लीको आफ्नै घर नभएको होइन। तर घरमा बस्नु उनका लागि यातनागृहमा बस्नुभन्दा पीडादायी हुन्छ। त्यसको कारण हो, आफ्नै लोग्नेको व्यवहार। साँझ परेपछि रक्सीले मातेर आउने र स्वास्नीलाई मरणासन्न हुनेगरी कुट्ने लोग्नेको दिनचर्या जस्तै छ। त्यसैले हरेक दिन उनी रात नपर्दै छिटो-छिटो खाना पकाउँछिन्, बालबच्चालाई खुवाउँछिन् र लोग्ने घर आइपुग्नुअघि नै छिमेकीको घरमा पुग्छिन्।

२०६३ वैशाखमा यौनसम्बन्धी रोगले बिरामी भएपछि अस्पताल जाँदा डाक्टरले उनलाई "औषधि खाँदासम्म यौन सम्पर्क नगर्नु" भन्ने सल्लाह दिएका थिए। तर डाक्टरको सल्लाहले मात्रै भएन। घरमा लोग्नेले जबर्जस्ती गर्न छाडेनन्। विरोध गर्दा मरणासन्न हुनेगरी कुटाइ खानुपऱ्यो। अति भएपछि उनले घरमा बस्नै छाडिन् र त्यसयता छिमेकीको

*अहिलेसम्म जुठोभाँडा नमाझ्ेसम्म उनको साँझबिहानको छाक जुट्दैन । अर्काको काम नगरे शरीरमा एकसरो लुगा हाल्न गाह्रो छ । उनी आफूले नपढे पनि छोराछोरी पढाउन चाहन्छिन्, तर छोराछोरी पढाउन पनि आखिर पैसा त चाहियो । छाक टार्न नै गाह्रो भएको बेला छोराछोरी झन् कसरी पढाउने ? उनि भन्छिन्, "मेरो दिनभरको कमाइ घरखर्च र लोग्नेलाई रक्सी खुवाउनमै ठिक्क हुन्छ ।"*

घरमा शरण लिन थालिन् । काम नगरेसम्म साँझ-बिहानको छाक जुटाउन गाह्रो हुने अवस्था हुँदाहुँदै पनि उनी लोग्नेको डरले लुकेर बस्नुपरेको छ ।

लुकेर बस्न थालेपछि झन् ठूलो सङ्कट आइलाग्यो । लोग्नेले यसैलाई झन् ठूलो मुद्दा बनाए । श्रीमतीको रिसले घरमा राखेको खाना ल्याएर आँगनमा फाले, भाँडाकुँडा हँसियाले प्वाल पारे, घरमा भएको खाद्यान्न मात्र फालेनन्, "मेरो घरको भात खाएर गाउँ-गाउँ चहार्ने भएकी, लौ खा भात" भन्दै तातो भात उनको शरीरमा खन्याइदिए । रोगले हाडछाला मात्रै बाँकी रहेकी मल्ली अहिले झन् ठूलो बिचल्लीमा छिन् । "अब न लोग्नेले घर बस्न दिन्छन् न छिमेकीकहाँ जान सक्छु, मेरा लागि कतिलाई दुःख दिनु" उनले दुःखको बेलिबिस्तार लगाउँदै भनिन्, "डाक्टरले औषधिले मात्र हुँदैन, पछि अप्रेसन नै गर्नुपर्छ भनेका छन् । लोग्नेको ताल यस्तो छ, आफूसँग पैसा छैन, अब के गर्ने ?"

लोग्नेलाई रक्सी पिउने पैसा जुटाउन माघी चौधरी अर्काको घरमा जुठाभाँडा माझ्न बाध्य छिन् । त्रिभुवननगर- ११ की माघीलाई यसो नगरी सुख छैन । रक्सी खाने पैसा नभए लोग्नेले साँझबिहान कुट्छ । त्यसमाथि बालबच्चा पाल्ने र घरखर्च चलाउने जिम्मेवारी पनि उनकै काँधमा छ । हरेक दिन बिहान ५ बजे उठ्ने, दिनहुँ ६-७ घरपरिवारको जुठाभाँडा माझ्ने, लुगा धुने उनको दिनचर्या हो । त्यसबापत उनले ज्यालादारीमा केही पैसा पाउँछिन् । त्यही पैसा घरखर्च चलाउन र लोग्नेलाई रक्सी खान प्रयोग हुन्छ । तर, अर्काको जुठाभाँडा माझ्दा पनि उनलाई सुख छैन । "कहिलेकाहीं रक्सी खाने पैसा भएन भने मरणासन्न हुनेगरी कुट्छन्," उनी दुःखेसो सुनाउँछिन्, "मरीमरी काम गरेर आयो, एउटा न एउटा बहाना निकालेर कुट्छन्, कुटाइ नखाएको दिनै छैन ।" लोग्नेको अत्याचारले आत्महत्या गरौं भन्नेसम्मको सोचाइ उनको मनमा आउने गर्छ । तर, बालबच्चा सम्झिन्छिन् र मन सम्हाल्छिन् । "म मरें भने यिनको बिचल्ली होला भनेर मर्न सकेकी छैन," लोग्नेको अत्याचार सुनाउँदै उनी भन्छिन्, "एक महिनाभरको ज्याला लिएर आउँदै थिएँ, लोग्ने आएर सबै पैसा खोसेर लिए, त्यतिले चित्त नबुझेर बेस्सरी कुटे, घरमा भएका मेरा कपडामा पनि आगो लगाइदिए ।"

अहिलेसम्म जुठोभाँडा नमाझ्ेसम्म उनको साँझबिहानको छाक जुट्दैन । अर्काको काम नगरे शरीरमा एकसरो लुगा हाल्न गाह्रो छ । उनी आफूले नपढे पनि छोराछोरी पढाउन चाहन्छिन्, तर छोराछोरी पढाउन पनि आखिर पैसा त चाहियो । छाक टार्नै गाह्रो भएको बेला छोराछोरी झन् कसरी पढाउने ? उनि भन्छिन्, "मेरो दिनभरको कमाइ घरखर्च र लोग्नेलाई रक्सी खुवाउनमै ठिक्क हुन्छ ।" बिजोगले गर्दा उनका दुई छोराहरू स्थानीय होटलमा जुठाभाँडा माझ्न राखिएका छन् । "लोग्ने गतिलो भए र पैसा भए त छोराछोरी पढाउँथें, किन अर्काको घरमा भाँडा माझ्न पठाउँथें र ?," उनी दुःखेसो सुनाउँछिन् ।

दुःखजिलो गरेर भए पनि घरपरिवार धानेका मल्ली र माघीजस्ता महिला आफ्नै लोग्नेको यातना खेप्न बाध्य छन् । अरूको घरमा काम गरेको कमाइले उनीहरूको घरखर्च चल्छ, तर आफ्नै लोग्ने भने सहयोगी होइन 'दुश्मन' बनेका छन् । मल्ली र माघीजस्ता महिला धेरै छन् जो आफ्नै लोग्नेका कारण पीडादायी जिन्दगी जिउन बाध्य छन् । भगरी चौधरीको कथाव्यथा पनि योभन्दा कम दर्दनाक छैन । उनले लोग्नेको यातना सहँदै आइन् । तैपनि लोग्नेले सौता ल्याए । त्यसपछि त उनले घरै छाड्नुपर्‍यो । तीन छोराछोरी लिएर घरबाट निस्केकी

*एक भरपर्दो तथ्याङ्कअनुसार दक्षिण एसियामा नेपाल महिलामाथि घरेलु हिंसा अधिक हुने देशमध्ये दोस्रोमा पर्छ । तथ्याङ्कअनुसार नेपालका कुल विवाहित महिलामध्ये ६६ प्रतिशत घरेलु हिंसाको चर्को यातना भोगिरहेका छन् जसमध्ये धेरै आफ्नै लोग्नेबाट पीडित छन् । नेपालभन्दा बढी महिलामाथि घरेलु हिंसा हुने देश पाकिस्तान हो, पाकिस्तानमा ८० प्रतिशत महिला घरेलु हिंसा सहन बाध्य छन् ।*

उनी अहिले पनि ज्यालादारी काम गरेर आफ्नो र छोराछोरीको पेट पाल्छिन् ।

लोग्नेको अत्याचारले घरबारविहीन बनेकी भगरीलाई अहिले एउटा गैरसरकारी संस्थाले सघाएको छ । कम्लहरी हटाउन कार्यरत स्वान नामको संस्थाको सहयोगमा उनकी एउटी छोरी विद्यालय जान पाएकी छन् । तर, साँझबिहानको छाक टार्न भने उनले ज्यालादारी काम नगरी सुख छैन । ज्यालादारी काम खोज्ने क्रममा धान दाइँ गर्न राति १२ बजेसमेत किसानको खेतमा बस्नुपर्छ । “दिनभरि ज्यालादारी काम खोज्न जानुपर्ने भएकोले रातमा धान दाउनेबाहेक अर्को उपाय छैन,” उनी भन्छिन्, “लोग्नेले छोराछोरीको दायित्व बिर्सिए पनि मैले त बालबच्चा पाल्नुपर्‍यो नि । यसरी कति दिन चल्ने हो थाहा छैन, शरीरले दुःख गर्न सकेसम्म उसको अगाडि भिखको हात फैलाउन जान्न ।”

लोग्नेको अत्याचार खेपिरहेका यी महिलाबारे समाज पनि मौन छ । यही समाजका महिलाहरू यसरी जीवन बिताइरहँदा पनि यो समाज उनीहरूका पक्षमा चुँसम्म बोल्दैन । मल्ली, माघी चौधरी र भगरी चौधरीहरू यही समाजका सदस्य हुन्, जो अहिले पनि विभिन्न किसिमका हिंसा सहन बाध्य छन् ।

एक भरपर्दो तथ्याङ्कअनुसार दक्षिण एसियामा नेपाल महिलामाथि घरेलु हिंसा अधिक हुने देशमध्ये दोस्रोमा पर्छ । तथ्याङ्कअनुसार नेपालका कुल विवाहित महिलामध्ये ६६ प्रतिशत घरेलु हिंसाको चर्को यातना भोगिरहेका छन् जसमध्ये धेरै आफ्नै लोग्नेबाट पीडित छन् । नेपालभन्दा बढी महिलामाथि घरेलु हिंसा हुने देश पाकिस्तान हो, पाकिस्तानमा ८० प्रतिशत महिला घरेलु हिंसा सहन बाध्य छन् । त्यसैगरी श्रीलङ्कामा ६६ प्रतिशत, बंगलादेशमा ४६ प्रतिशत महिला घरेलु हिंसाको शिकार छन् भने भारतमा प्रत्येक ६ घण्टामा एकजना महिलाले घरेलु हिंसाका कारण ज्यानै गुमाउने गर्छन् ।

तर जति नै पीडा भोग्नुपरे पनि यी महिला आफ्नै लोग्नेविरुद्ध कतै उजुरी गर्न सक्दैनन् । कारण उनीहरूको पक्षमा बोलिदिने कोही हुँदैन, अशिक्षित र गरिब परिवारका महिला मात्र होइन, पढेलेखेका र संभ्रान्त परिवारका महिलाहरूसमेत घरेलु हिंसाविरुद्ध आवाज उठाउन डराउँछन् । महिलामाथि हुने घरेलुलगायतका हिंसा कम गर्न पर्याप्त कानुनको पनि अभाव छ । समाज नै महिलामाथिको हिंसा कम गर्न नजुर्मुराएसम्म र राज्यले महिला हिंसाविरुद्ध उचित कानुन नल्याएसम्म महिलामाथिको यो अत्याचार कम हुन सक्दैन ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो । सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं । यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं । यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं । र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं ।

सञ्चारिका समूह